# कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/१२/२०७९/०८०

**निर्णय नं. (१)**

प्रस्ताव नं. (१) माथि छलफल गर्दा कानेपोखरी गाउँपालिका र हेफर प्रोजेक्ट नेपालवीच मिति २०७८।०५।२१ गते भएको सम्झौता वमोजिम विगत आर्थिक वर्ष २०७८।०७९ देखि बाहेक चालु आर्थिक वर्ष २०७९।०८० को पहिलो, दोस्रो र तेस्रो चौमासिकमा गरी जम्मा रकम रु. १,५०,००,०००।०० (अक्षरुपी एक करोड पचास लाख) सम्झौतामा उल्लिखित "साझेदारीमा कृषि तथा पशुपालन उद्यमशीलता विकास कार्यक्रम" नामक परियोजनामा कानेपोखरी गाउँपालिकावाट वजेट विनियोजन गर्नुपर्नेमा कानेपोखरी गाउँपालिकाको वाहौं गाउँ सभा अधिवेशनद्वारा हेफर नेपालसँगको साझेदारीमा रु. ५०,००,०००।०० (अक्षरुपी पचास लाख मात्र) वजेट मात्र विनियोजन भएकोमा चालु आर्थिक वर्ष २०७९।०८० मा विनियोजित उक्त वजेटका अतिरिक्त देहायमा उल्लिखित कृषि तथा पशुपालनसँग सम्वन्धित वजेट समेत मिति २०७८।०५।२१ गते भएको सम्झौता वमोजिमको प्रतिवद्दता व्यक्त गर्न उक्त परियोजना मार्फत् नै सञ्चालन गर्ने गरी हाललाई अघि बढाउँदै लैजाने र नपूग रकमका हकमा आगामी गाउँ सभा अधिवेशन समक्ष प्रस्ताव लैजाने निर्णय सर्वसम्मतीले पारित गरियो।

**हेफर प्रोजेक्ट नेपाल मार्फत् चालु आर्थिक वर्षमा सञ्चालनमा ल्याइने सभाबाट स्वीकृत कार्यक्रमहरुः**

| क्र.सं. | कार्यक्रमको नाम | विनियोजित बजेट (रु.) |
|---|---|---|
| १. | प्राङ्गारिक मल उत्पादन प्रवर्द्धन | ५,००,०००।०० |
| २. | जग्गा लिजमा लिई विपन्न परिवारलाई व्यावसायिक तरकारी खेतीमा आवद्ध गर्ने कार्यक्रम (प्रत्येक वडावाट कम्तीमा १० परिवार) | १४,००,०००।०० |
| ३. | व्यावसायिक बाखा/सुँगुर/बँगुर पालन (कम्तीमा ५ माउ) मा उत्प्रेरित गर्न अनुदान कार्यक्रम | १०,००,०००।०० |
| ४. | व्यावसायिकरुपमा कुखुरा/हाँस/वाखा/सुँगुर/वँगुर पालन गर्ने कृषकको व्यवसाय/उद्यम गर्न बीमा सम्वन्धी सचेतनामूलक कार्यक्रम | ३,००,०००।०० |
| ५. | "३प" (गँगटा/घुडी खेती प्रवर्द्धन) कार्यक्रम | ३,००,०००।०० |
| ६. | समपूरक कोष (चालु) | १५,००,०००।०० |
| ७. | हेफर नेपालसँगको साझेदारीमा कार्यक्रम सञ्चालन | ५०,००,०००।०० |
| | जम्मा | १,००,००,०००।०० |

**निर्णय नं. (२)**

प्रस्ताव नं. (२) माथि छलफल गर्दा निर्माणाधीन १५ शैयाको कानेपोखरी आधारभूत अस्पताल, बयरवनको लागि बयरवन ६क. को कित्ता नं. १०३९ को उत्तरपट्टिको भुभागबाट तीन कठ्ठा दश धुर (०-३-१०) क्षेत्रफलको जग्गा जग्गा प्राप्ति ऐन, २०३४ मा व्यवस्था भएको प्रावधान बमोजिम मुआब्जा दिई अधिग्रहण गर्ने भनी मिति २०७८ साल फागुन ११ गते बसेको कानेपोखरी गाउँपालिकाको एघारौं गाउँ सभा अधिवेशनको निर्णय नम्वर (३) बाट सर्वसम्मतीले निर्णय भएकोमा उक्त जग्गा हाल कित्ताकाट भई कायम भएको बयरवन ४क. को कित्ता नं. ११२४ (क्षेत्रफल १-१-८-३) को पूर्व दक्षिण (अस्पतालको जग्गासँग



राजमती इङ्नाम
अध्यक्ष

जोडिएको) वाट पूर्ववत् निर्णय वमोजिम जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम नेपाल सरकारवाट जग्गा प्राप्तिको सैद्धान्तिक सहमती लिन श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा लेखी पठाउने निर्णय सर्वसम्मतीले पारित गरियो।

<u>निर्णय नं.</u> (३)

प्रस्ताव नं. (३) माथि छलफल गर्दा कानेपोखरी गाउँ कार्यपालिकाको मिति २०७९।०४।३१ गते वसेको वैठक (बैठक संख्या २/०७/२०७९/०८०) वाट गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने राष्ट्रिय परिचयपत्र विवरण संकलन अभियानलाई छिटोभन्दा छिटो सम्पन्न गर्न सार्वजनिक विदा र कार्यालय समयभन्दा वाहेकको समयमा समेत जनप्रतिनिधि, रुजु अधिकारी, दर्ता सहयोगी तथा वडाका कर्मचारीहरुलाई खटाउने र यसका लागि कानेपोखरी गाउँपालिकाको कार्यसञ्चालन निर्देशिकाले व्यवस्था गरे वमोजिम खाना/खाजाको सुविधा गाउँपालिकावाट उपलब्ध गराउने भनी निर्णय भएकोमा उक्त विवरण संकलन अभियान यही मिति २०७९ साल भाद्र २६ गतेका दिन गाउँपालिका क्षेत्रभित्रका सवै वडामा एकसाथ शुरु भई मिति २०७९ साल कात्तिक २० गते सम्म सञ्चालन भएको र उक्त अभियानबाट आम कानेपोखरीवासीले लिएका सेवाका विषय उपर यस वैठकमा व्यापक छलफल भयो। कानेपोखरी गाउँ कार्यपालिकाको पूर्ववत् निर्णय बमोजिम राष्ट्रिय परिचयपत्र विवरण संकलन अभियानमा सवै वडावाट भएको देहाय वमोजिमको खर्च पेश हुन आएकोमा उक्त खर्च रकम हाललाई कार्यक्रम खर्च र समपूरक कोष (चालु) वाट व्योहोर्ने गरी सम्वन्धित वडालाई रकम भुक्तानी एवम् सोधभर्ना गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

| वडाको नाम | खर्च भएको रकम (रु.) |
|---|---|
| १ नं. वडा | १,१४,६७५।०० |
| २ नं. वडा | १,०५,५००।०० |
| ३ नं. वडा | १,१९,९३०।०० |
| ४ नं. वडा | १,४१,०५७।०० |
| ५ नं. वडा | १,३३,९७५।०० |
| ६ नं. वडा | १,००,५४०।०० |
| ७ नं. वडा | १,७६,३२०।०० |
| जम्मा | ८,९१,९९७।०० |

<u>निर्णय नं.</u> (४)

प्रस्ताव नं. (४) माथि छलफल गर्दा गाउँपालिकाको स्वामित्वमा रहेको देहाय बमोजिमको सवारीसाधनको मर्मतसम्भारमा भएको खर्चका विषयमा यस वैठकमा जानकारी भयो र उक्त खर्च अनुमोदन गर्दै सम्वन्धित खर्च शीर्षकवाट भुक्तानी गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

| सवारीसाधनको नाम | मर्मत वापत् खर्च भएको रकम (रु.) | मर्मत गर्ने फर्मको नाम र विल नम्बर |
|---|---|---|
| बा १ झ ८४८३ | ६७,८८८।०० | सरु सर्भिसिङ सेण्टर, इटहरी, बिल नम्बर १९९ |
| बा १ झ ८४८३ | ४१,१०६।०० | सरु सर्भिसिङ सेण्टर, इटहरी, बिल नम्बर १९८ |



पाना॥४॥

राजमती इङ्नाम
अध्यक्ष

| | | |
|---|---|---|
| बा १ झ ८४८३ | १,५६,५०९।०० | इस्टर्न अटो प्वाइण्ट, इटहरी, बिल नम्बर |
| जम्मा | २,६५,५०३।०० | |
| को १ झ ५५७ | ५६,२२९।०० | सरु सर्भिसिङ सेण्टर, इटहरी, बिल नम्बर १९७ |
| को १ झ ५५७ | ४०,९६७।०० | सरु सर्भिसिङ सेण्टर, इटहरी, बिल नम्बर १९५ |
| को १ झ ५५७ | २१,३६८।०० | सरु सर्भिसिङ सेण्टर, इटहरी, बिल नम्बर |
| को १ झ ५५७ | १,२३,८०५।०० | सरु सर्भिसिङ सेण्टर, इटहरी, बिल नम्बर |
| को १ झ ५५७ | ५६,७३५।०० | आशिष सर्भिसिङ सेण्टर, इटहरी। |
| जम्मा | २,९९,१०४।०० | |

**निर्णय नं. (५)**

प्रस्ताव नं. (५) माथि छलफल गर्दा आसन्न प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनका लागि निर्धारित मतदान केन्द्रमा विजुलीवत्ती, पानी, घेरावारा लगायतको व्यवस्था र मतदाता शिक्षाको व्यापक प्रचारप्रसार स्थानीय तहले व्यवस्थापन गर्नुपर्ने भनी निर्वाचन आयोगबाट लेखी आएकोमा गाउँपालिका क्षेत्रभित्रका मतदानस्थलको स्थलगत अवलोकन गरी आवश्यकता र औचित्यका आधारमा विजुलीवत्ती, पानी, घेरावारा लगायतको व्यवस्था गर्ने तथा मतदाता शिक्षासँग सम्बन्धित आयोगबाट स्वीकृत निर्देशिका बमोजिमको खर्च समेत गाउँपालिकाबाट व्योहोर्ने व्यवस्था मिलाउने र यसका लागि लाग्ने खर्च हाललाई मर्मतसम्भार कोषवाट व्योहोर्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (६)**

प्रस्ताव नं. (६) माथि छलफल गर्दा नेपाल सरकारको सशर्त अनुदान मार्फत् कार्यक्रमवाट वायो ग्याँस जडानका लागि जारी पूर्ववत सूचना बमोजिम आवेदन गर्ने सम्पूर्ण कृषकहरुलाई आयोजना सम्झौता गर्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने र सम्झौताका लागि नपूग हुन आउने वजेटका हकमा आगामी गाउँ सभा अधिवेशनवाट रकम व्यवस्थापन गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (७)**

प्रस्ताव नं. (७) माथि छलफल गर्दा गाउँपालिका क्षेत्रभित्र गाउँपालिकाका अध्यक्षज्यू लगायतका जनप्रतिनिधि समेतको नेतृत्वमा विभिन्न मितिमा भएको सरसफाई अभियानका विषयमा बैठकमा छलफल भयो। सो सम्वन्धमा उक्त सरसफाई अभियानलाई सफल पार्न महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने इलाका प्रहरी कार्यालय, पथरी, रमाइलो प्रहरी चौकी, अस्थायी प्रहरी चौकी, कानेपोखरी, विभिन्न संघ/संस्था, समाजसेवी/वुद्धिजिवी, कर्मचारी, सञ्चारकर्मी लगायतलाई हार्दिक धन्यवाद दिँदै उक्त अभियानका क्रममा भएको खर्चका विषयमा सामान्य प्रशासन शाखा मार्फत् पेश हुन आएको खर्च अनुमोदन गर्दै उक्त खर्च सम्वन्धित वजेट खर्च शीर्षकवाट भुक्तानी गर्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (८)**



राजमती इङ्नाम
अध्यक्ष

प्रस्ताव नं. (८) माथि छलफल गर्दा गाउँपालिकाका अध्यक्षज्यू मार्फत् बैठक समक्ष पेश हुन आएको **"आमाको सीप सन्तानलाई अर्गानिक गुन्द्रुक मोरङलाई कार्यक्रम सञ्चालन कार्यविधि, २०७९"** को मस्यौदा उपर व्यापक छलफल भयो र पेश हुन आएको उक्त मस्यौदा कार्यविधि पारित गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं.** (९)

प्रस्ताव नं. (९) माथि छलफल गाउँ कार्यपालिकाको पूर्ववत् निर्णय बमोजिम गठित कार्यदल मार्फत् मस्यौदा तयार भई शिक्षा तथा सामाजिक शाखा मार्फत् पेश हुन आएको **कानेपोखरी गाउँपालिकाको स्थानीय विषयको पाठ्यक्रम, २०७९ कानेपोखरीको सेरोफेरो** स्वीकृत गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो र, उक्त पाठ्यक्रम तत्काल छपाई गरी कार्यान्वयन प्रकृयामा लैजाने निर्णय समेत सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं.** (१०)

प्रस्ताव नं. (१०) माथि छलफल गर्दा मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीलाई औषधि उपचार वापत् खर्च उपलब्ध गराउने सम्वन्धी कार्यविधि, २०७८ बमोजिम सिफारिस समिति गठन गरी लाभग्राहीलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट रकम सोधभर्ना लिने गरी औषधि उपचार खर्च उपलब्ध गराउने सम्वन्धमा देहाय बमोजिमको व्यवस्था मिलाई कार्यविधिले व्यवस्था गरे बमोजिम गर्ने/गराउने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

देहाय

- गाउँ कार्यपालिका मातहतको सामाजिक विकास समितिले नै उक्त कार्यविधिले व्यवस्था गरेको सिफारिस समितिको रुपमा कार्य गर्ने, र,
- कार्यविधिले व्यवस्था गरे बमोजिमका लाभग्राहीको गाउँपालिकाको एम.आइ.एस. युनिटबाट रुजु/परीक्षण एवम् भिडान गराई प्राप्त हुन आउने तथ्यांक बमोजिमका लाभग्राहीलाई मात्र कार्यविधिले व्यवस्था गरेको रकम हाललाई कर्मचारी कल्याणकारी कोष शीर्षकबाट भुक्तानी गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट सोधभर्ना लिने व्यवस्था मिलाउने।

**आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।**



राजमती डङ्गनाम
अध्यक्ष